आज मिति २०८० साल मंसिर महिना २६ गते मंगलबारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यापालिकाको बैठक नं ३४-२०८०/०८१ मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति :**

| सि नं | नाम थर | पद | आवद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री राम बहादुर डाङ्गी | वडा अध्यक्ष | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं. ७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं. ८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री थमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ्ग | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २० | श्री राधा ढकाल | कार्य पालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री ठगिसरा वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री पुर्ण बहादुर खत्री | सचिब | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत

| | | | | |
|---|---|---|---|---|
| १ | श्री चित्र बहादुर ढकाल | प्रशासकीय अधिकृत | प्रशासन शाखा | |
| २ | श्री दिपक शर्मा | कम्प्युटर अपरेटर | प्रमुख सचिवालय | |

बैठक संख्या ३४ मिति २०८०।०८।२६
कार्यपालिकाको निर्णय प्रमाणित

**बैठक संख्याः ३४/०८०-८१, मिति २०८०/०८/२६ गतेको कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** यस नगरपालिकाको सशर्त कार्यक्रम अन्तर्गत **नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा)** रकम रु. १० लाखबाट मध्येबाट तपशिल अनुसार कार्यक्रम कार्यान्वयन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

१. वायोग्यास जडान- रु. ५,००.०००।-
२. विद्युतको पहुच नपुगेका बस्तिमा सोलार वितरण,- रु. २,००,०००।-
३. साझेदारीमा विद्युतिय चुलो वितरण (३०० घर धुरी) रु. ३,००,०००।-

**निर्णय नं. २:** यस नगरपालिका वडा नं. ८ स्थित मेहेलकुना बजारमा २०८०।०७।२२ गतेका दिन विद्युतलाइन सट भइ डि.आर. फेन्सी पसलमा आगलागि भई क्षति भएको भनि राहत उपलब्ध गराइपाउँ भनि माग गरेकोमा सोही बमोजिम रु. २००००।- विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं.३:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, को दफा २८ १(ख) बमोजिम दिइएका सुझाब र आयोगको मिति २०७६।०८।१५ को परिपत्र, २२ बुदे निर्देशन, विभिन्न मितिमा आएका सुझाब विषयमा बैठकमा छलफल गरियो साथै उक्त सुझाबहरु कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ४:** यस नगरपालिका वडा नं. १२ स्थित ने. रा. मा. वि. ज्यामिरेमा आवश्यक फर्निचर सामाग्री खरिद गरी भुक्तानीको रु. ५१०००।- र सुर्य ज्योती प्रावि गुर्भाकोट १२ शौचालय निर्माणको लागि रु.१,५०,०००।- विद्यालय पूर्वाधार निर्माण तथा मर्मत शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. ५:** यस नगरपालिकाका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको समयअवधि समाप्त भई ४५ दिन सम्म विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा सो को लागि गुर्भाकोट नगरपालिका शिक्षा ऐन २०७४ (संशोधन सहित) को दफा १५ को उपदफा (३) प्रतिवन्धात्मक वाक्यांश बमोजिम ४५ दिन भित्र समिति गठन गरि सक्ने गरी वडा शिक्षा समितिलाई विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी प्रदान गर्ने व्यवस्था भए बमोजिम ४५ दिन सम्मका लागि पुनः वडा शिक्षा समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. ६:** नेपाल विद्युत प्राधिकरण सुर्खेत वितरण केन्द्रको प.सं. २०७९।०८० च.नं. ६५४ मिति २०७९।१०।१९ गतेको पत्रानुसार वडा नं. ६ तोरीबारीमा ट्रान्सफरमर सिफ्टिङ्गका लागि रु. ४०००००।- पेश्की स्वरुप उपलब्ध गराइएकोमा कार्यसम्पन्न गर्दा रु. ४१२०००।- खर्च भइ रु.१२०००।- अपुग भएको हुँदा उक्त रकम धरौटी खातामा जम्मा गरिदिने भनि पत्राचार गरेकोमा सोही बमोजिम रु. १२०००।- विद्युत तथा उर्जा व्यवस्थापन शीर्षक(पेज.नं. ३८ सि.नं. २६) बाट जम्मा गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ७:** नेपाल सरकार शहरी विकास मन्त्रालयको आ.व. २०८०।०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वृद्धाश्रम भवन निर्माणको लागि रकम विनियोजन गरेकोमा उक्त भवन निर्माण गर्न कल्पना सामुदायिक बन उपभोक्ता समितिको मिति २०८०।०९।१८ पत्रबाट मिति २०७५।०१।०८ गतेको भेला करिब ०.३१२ हेक्टर जग्गा सिद्धस्वर महादेव तथा कालिका मन्दिरलाई उपलब्ध गराइएको हुँदा उक्त जग्गामा वृद्धाश्रम भवन निर्माण गर्न सहमति दिने निर्माण प्रकृया अघि बढाउन सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ८:** सुर्खेत जिल्लाको पूर्वि क्षेत्रमा अवस्थित लेकवेशी, गुर्भाकोट र भेरीगंगा नगरपालिकाहरु समेटी भेरीगंगा नमूना आधुनिक शहर निर्माणको क्रममा गुरुयोजना बनाई कार्यान्वयनकालागि गुर्भाकोट नगरपालिकामा आयोजना कार्यालय स्थापना भएको यसै नगरपालिकाबाट पूर्वी सुर्खेतका जनताहरुको सेवा प्रवाहलाई सहज गर्नका निमित्त नापी कार्यालय मेहेलकुना, मालपोत कार्यालय मेहेलकुना, इलाका प्रशासन कार्यालय मेहेलकुना र भेरी कोरिडोर सिचाई तथा नदी नियन्त्रण कार्यालय स्थापना भएको साथै मदन भण्डारी र छिन्चु जाजरकोट डोल्पा दुई वटा राजमार्ग यसै नगरपालिका हुँदै निर्माण भएकोले कर्णालीको मुख्यद्धारका रुपमा विकास भई भविष्यमा जनसंख्या बृद्धी हुने सम्भावना अधिक रहेको हुँदा हाल भइरहेको मेहेलकुना प्रहरीचौकीलाई स्तरवृद्धी गरी 'क' श्रेणीको ईलाका प्रहरी कार्यालय कायम गरिदिनकालागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

आज मिति २०८० साल पौष महिना १० गते मंगलबारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यापालिकाको बैठक नं ३५-२०८०/०८१ मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति :**

| सि नं | नाम थर | पद | आवद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री राम बहादुर डाङ्गी | वडा अध्यक्ष | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं.७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं.८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री थमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ्ग | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २० | श्री राधा ढकाल | कार्य पालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री ठगिसरा वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री पुर्ण बहादुर खत्री | सचिब | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित :

श्री चित्र ब. ढकाल - प्रशासकीय अधिकृत

श्री दिपक शर्मा - क.अ. प्रमुख सचिवालय

बैठक संख्या ३५ मिति २०८०।०९।१०
कार्यपालिकाको निर्णय प्रमाणित

**बैठक संख्या: ३५/०८०-८१, मिति २०८०/०९/१० गतेको कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** स्थानीय भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासका लागि परम्परागत जात्रा तथा पर्वको संचालन र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको अधिकारक्षेत्रभित्र रहेको हुँदा धान्यपूर्णिमाको पूणित अवसरमा यस नगरपालिकास्थित भेरीनदीको किनार शुभाघाटमा मिति २०८० साल पौष १० गतेदेखि पौष १३ गते सम्म संचालन हुने ऐतिहासिक शुभाघाट मेला पर्व हर्षउल्लास र भव्यताका साथ मनाउन मिति २०८० पौष ११ गतेका दिन यस नगरपालिका, नगरपालिका अन्तरगतका वडा कार्यालय र स्वास्थ्य संस्था, कृषि तथा पशुसेवा केन्द्र नगरपालिका भित्र संचालन भएका अन्य सरकारी कार्यालय, संघसंस्था र वित्तिय संस्थाहरुलाई एक दिनको लागि स्थानीय विदा दिने निर्णय गरियो ।

**निर्णय नं.२:** नगर शिक्षा समितिको मिति २०८०/०७/१३ र मिति २०८०/०८/२६ गतेको देहाय बमोजिमको निर्णय स्वीकृतको लागि पेश भएकोमा उक्त निर्णय स्वीकृत प्रदान गर्ने ।

क. शिक्षक दरबन्दी अपुग भएका विद्यालयहरुका लागि शिक्षक व्यवस्थापन अनुदान रु. ९५००००।- रकम ४ वटा सामुदायिक विद्यालयलाई उपलब्ध गराइएको ।

ख. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनको लागि रु. ३८६०००।- र जिल्ला स्तरीय प्रतियोगितमा सहभागि पठाइएको खेलाडीहरुको खर्च व्यवस्थापन रकम रु. २९६०००।- रकम र सहभागि ९ वटा सामुदायिक विद्यालयलाई यातायात र खाना खाजा खर्च रकम रु. १०५०००।- नगर स्तरीय खेलुकद विकास कार्यक्रमबाट उपलब्ध गराउने,

ग. यस नगरपालिका र विश्वखाद्य कार्यक्रमको साझेदारीमा संचालन हुने स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रमको नगरपालिकाको तर्फको साझेदारी रकम रु. १४,७७,०००।- रकम नगर स्तरीय योजनाको विभिन्न कार्यक्रममा साझेदारी शिर्षक रकमबाट उपलब्ध गराउने,

**निर्णय नं.३:** गुरुङ समुदायको महान पर्व तमु ल्होसार हर्ष र उल्लाहस साथ मनाउन आवश्यक व्यवस्थापनको लागि रकम माग भएको रु. ४००००।-, माघी पर्व मगर सक्रान्तीको लागि २५००००।-, तमु ह्यूल छोज धी तमू राष्ट्रिय परिषदको पुस्तक प्रकाशन रु. ४००००।- रकम महिला बालबालिका शाखा अन्तर्गत आदीवासी जनजाती शिर्षकबाट उपलब्ध गराउने । बोटेचौर माघि मेलामा भलिवल खेल प्रतियोगिताको लागि रु. ५००००।- खेलकुद प्रर्वद्धन शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ४:** यस गुर्भाकोट नगरपालिका र मोक्ष इन्टरप्राइजेज प्रा लि संग भएको सम्झौता अनुसार भू-उपयोग नियमावली अनुसार जग्गाको वर्गिकरण मापदण्ड संशोधन सहित कार्यसम्पन्न भएको हुदा सो भुक्तानी गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ५: क.** यस गुर्भाकोट नगरपालिकाको कार्यालय र नगरपालिका मातहतका कार्यालयहरुको प्रस्तावित संगठन संरचना, कर्मचारी दरबन्दी तेरीज विवरण र कार्यविवरण सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८० (Organization & Management Survey Report) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा(१) को खण्ड (ड) र सोही ऐनको दफा ८३ बमोजिम स्वीकृतको लागि नगर सभा बैठकमा पेश गर्ने । साथै गुर्भाकोट नगरपालिका सम्बद्ध स्थानीय कानुन पुनरावलोकन प्रतिवेदन २०८० स्वीकृत गर्ने । उल्लेखित प्रतिवेदनहरुको भुक्तानीको लागि आवश्यक प्रकृया अघि बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

आज मिति २०८० साल पौष महिना १९ गते बिहिवारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यापालिकाको बैठक नं ३६-२०८०/०८१ मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति:**

| सि नं | नाम थर | पद | आवद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री ~~राम~~ ज्ञान बहादुर डाङ्गी | वडा अध्यक्ष का.वा. | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं. ७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं. ८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री थमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ्ग | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २० | श्री राधा ढकाल | कार्य पालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री ठगिसरा वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री पुर्ण बहादुर खत्री | सचिब | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीत

| | | | | |
|---|---|---|---|---|
| १ | श्री चित्र बहादुर ढकाल | प्रशासकीय अधिकृत | प्रशासन शाखा | |
| २ | श्री दिपक शर्मा | कम्प्युटर अपरेटर | प्रमुख सचिवालय | |

बैठक संख्या ...३६ मिति २०८०।०९।१९
कार्यपालिकाको निर्णय प्रमाणित

## बैठक संख्याः ३६/०८०-८१, मिति २०८०/०९/१९ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं. १:** यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA), स्थानीय तह वितिय सुशासन जोखिम मुल्याङ्कन (FRA) र आर्थिक विकास मूल्याङ्कन (LED) को प्रारम्भिक नतिजा बैठकमा छलफल भइ सोको अन्तिम नतिजाको लागि जिल्ला समन्वय समितिको कार्यालय सुर्खेतमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ अनुसार यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ को हाल सम्मको अनुमानित आय व्ययमा १० प्रतिशत थप गरी आगामी आ.व. २०८१।०८२ आय व्ययको अनुमानित प्रक्षेपण सम्बन्धित मन्त्रालयमा पठाउने ।

**निर्णय नं. ३:** यस नगरपालिका झालेपहर दाप्चा खानेपानी उपभोक्ता समितिले खानेपानी आयोजना विविध कारणले समयमा सम्पन्न गर्न नसकि म्याद थपको लागि निवेदन पेश गरेकोमा उक्त योजनाको म्याद २०८० फागुन मसान्त सम्म थप गर्ने र आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत योजनाहरु २०८० फागुन मसान्त भित्र सम्झौता गरि सक्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ४:** यस नगरपालिकाको नगर सभाको १४औं अधिवेशन २०८० माघ १९ गते विहान ११ सिटिहलमा संचालन हुने व्यहोरा सबैमा जानकारी गराउन र आवश्यक तयारी गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं.५:** गुर्भाकोट नगरपालिका "घ" वर्ग निर्माण व्यवसायी सम्बन्धी कार्यविधि २०८० को दफा ९ बमोजिमको नयाँ इजाजत सम्बन्धी जाँचबुझ समितिबाट स्वीकृतको लागि सिफारिस भई आएको सोभित निर्माण सेवा गुर्भाकोट नगरपालिका वडा नं. २ लाई उक्त कार्यविधिको दफा २ को उपदफा (४) बमोजिम नयाँ इजाजत स्वीकृत प्रदान गर्ने ।

**निर्णय नं.६:** यस नगरपालिका वडा नं. ३ स्थित बाँयाकाडा शहरी स्वास्थ्य केन्द्र वर्थिङ सेन्टर अधुरो भवन निर्माणका लागि कर्णाली प्रदेश समपुरक स्वास्थ्य संस्था पूर्वाधार निर्माणको टेण्डरबाट बचत रकमबाट रु. १०,००,०००।- ~~लाख~~ विनियोजन गर्ने ।

**निर्णय नं.७:** शुभाघाट शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान २०७५ को दफा १२ (१) मा संस्थाको कार्यसमिति गठन प्रकृया पुरा गर्न निर्वाचन समितिको संयोजक जिल्ला प्रशासन कार्यालयको प्रतिनिधीले गर्ने व्यवस्था भएकोमा उक्त संस्थाले सो प्रकृया पुरा गर्न संयोजक तोकि पठाइदिन च.नं. ३५ मिति २०८०।०९।०१ मा जिल्ला प्रशासन कार्यालय सुर्खेतलाई पत्राचार गरेकोमा उक्त कार्यालयले संघ संस्थाको निर्वाचनमा प्रशासन कार्यालयको प्रतिनिधी पठाउने व्यवस्था छैन भनि लेखी पठाएको देखिन्छ । उक्त खानेपानी संस्था यस पालिकामा दर्ता रहेको, संस्थाको विधान पालिकाले स्वीकृत गरेको हुँदा उक्त विधानको दफा १२ को प्रावधानमा कार्यान्वयनमा वाधा अड्काउ परेकोले उक्त संस्थाको कार्यसमिति छनौटकोलागि साधारण सभा सम्पन्न गर्न नगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई संयोजक तोक्ने ।

**निर्णय नं.८:** यस नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष एवं कार्यपालिका सदस्य श्री रामवहादुर डाङ्गी ज्यूको ममतामय आमाको मिति २०८०।०९।१५ गते मृत्यू भएकोले शोक सन्तप्त परिवारमा धैर्यधारण शक्ति मिलोस भन्ने कामना शोक प्रस्ताव पारित गर्ने ।